**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २४१**

**पुनरावेदन नं. ०७९-RB-००२५**

पुनरावेदन दर्ता मिति २०७९।०५।०१

**मुद्दाः– स्रोत नखुलेको नेपाली नगद रूपैयाँ चोरी पैठारी ।**

| | |
|---|---|
| जिल्ला महोत्तरी भंगहा न.पा.वडा नं.७ बस्ने नवल किशोर साहको छोरी वर्ष २० की बिन्दा कुमारी साह..........१<br>जिल्ला महोत्तरी मनरा सिस्वा न.पा.वडा नं.५ कटिकटैया बस्ने नागेश्वर प्रसादको छोरा वर्ष ३५ को दिपेन्द्र प्रसाद साह..........१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्र.स. नि.संजिव पाण्डेको प्रतिवेदन र कार्यालयका अनुसन्धान अधिकृत दिव्यरन्जन दाहालको अनुसन्धान प्रतिवेदनले नेपाल सरकार.....१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जलेश्वर भन्सार कार्यालय, महोत्तरी

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री अमित पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७९/०३/३०

## <u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री पवन कुमार जयसवाल

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः** ×

जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट भएको मिति २०७९/०३/३० को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(१) र दफा ९(४) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

### <u>तथ्य खण्ड</u>

१. जिल्ला महोत्तरी जलेश्वर न.पा.वडा नं.८ बजराई स्थित पूर्व पश्चिम बखरी कम्पासबाट बजराई गाउँ जाने सडक उत्तर मनिपाल मेडिकल कलेजको खाली जग्गा दक्षिण धान खेत यति चार किल्ला भित्र पर्ने सार्वजनिक सडकमा चेक प्वाइन्ट खडा गरी सवारी साधन चेकजांच गर्ने क्रममा मिति २०७८।०६।२२ गते दिनको अ.१४:०० बजेको समयमा पश्चिमबाट पूर्व तर्फ जाने उद्देश्यले पछि नाम थर वतन सोधी खुलेका जिल्ला महोत्तरी मनरा सिरुवा न.पा.वडा नं.५ बस्ने दिपेन्द्र प्रसाद साहले चलाई पछाडी ऐ.भंगाहा न.पा.वडा नं.७ बस्ने बिन्दु कुमारी साह बसेको नम्बर प्लेट खाली रहेको Hero कम्पनीको Glamour निलो रंगको नम्बर प्लेट उल्लेख नभएको ईन्जिन नं.JA06EYL9J00151 र चेचिस नं. MBLJAW074L9J00068 भएको मोटरसाइकल थान-१ र सो मोटरसाईकलको सिट मुनिको भागमा नेपाली रु.१,०००।— का दरले नोट -२०० वटाको जम्मा रु.२,००,०००।— रहेको, सोही मोटरसाइकलको बाँया तर्फको Airfilter को भागमा नेपाली रु.१,०००।— का दरले नोट-३०० वटाको रु.३,००,०००।— समेत गरी मोटरसाईकलमा जम्मा रु.५,००,०००।— र निज दिपेन्द्र प्रसाद साहले भिरेको F-FLYCON लेखिएको कालो रंगको झोला भित्र नेपाली रु.१,०००।— दरको नोट-५०० वटाको जम्मा रु.५,००,०००।-, पाइन्टको दाँया तर्फ खल्ती भित्रबाट Redmi Note 7 Pro मोडलको मोबाइल थान-१, ५००।— का दरको नोट -७ वटाको रु.३५००।-,१००।— दरको नोट -९ वटाको रु.९००।— गरी जम्मा रु.१०,०४,४००।— लुकाई छिपाई अवैध नगद समेतको चिजबस्तु फेला पारी प्रहरी टोलीले पक्राउ गरेको भन्ने वेहोराको जिल्ला प्रहरी कार्यालय जलेश्वर बजराईमा खडा गरेको खानतलासी तथा बरामदी मुचुल्का।

२. जिल्ला प्रहरी कार्यालय जलेश्वर बजराईबाट खटिएको प्रहरी टोलीले मिति २०७८।०६।२२ गते दिनको अ.१४:०० बजेको समयमा Hero कम्पनीको Glamour निलो रंगको नम्बर प्लेट उल्लेख नभएको ईन्जिन नं.JA06EYL9J00151 र चेचिस नं. MBLJAW074L9J00068

भएको मोटरसाइकल दिपेन्द्र कुमार साहले चलाई पछाडी बसी सवार भएको विन्दा कुमारी साह निजहरुको शरिर र सवार भएको मोटरसाइकल चेकजांच गर्दा मोटरसाईकलको सिट मुनिको भागमा नेपाली रु.१,०००।— का दरले नोट -२०० वटाको जम्मा रु.२,००,०००।— रहेको, सोही मोटरसाइकलको बाँया तर्फको Airfilter को भागमा नेपाली रु.१,०००।— का दरले नोट-३०० वटाको रु.३,००,०००।— समेत गरी मोटरसाईकलमा जम्मा रु.५,००,०००।— र निज दिपेन्द्र प्रसाद साहले भिरेको F-FLYCON लेखिएको कालो रंगको झोला भित्र नेपाली रु.१,०००।—दरको नोट-५०० वटाको जम्मा रु.५,००,०००।-, पाइन्टको दाँया तर्फ खल्ती भित्रबाट Redmi Note 7 Pro मोडलको मोबाइल थान-१, ५००।— का दरको नोट -७ वटाको रु.३५००।- , रु.१००।— दरको नोट -९ वटाको रु.९००।— गरी जम्मा नेपाली रु.१०,०४,४००।— लुकाइ छिपाई अवैध नगद समेतको चिजबस्तु फेला पारी बरामद गरी निज दिपेन्द्र कुमार साह र सो मोटरसाइकल पछाडी सवार बिन्दा कुमारी साहलाई पक्राउ गरी बरामद भएका श्रोत नखुलेका रकम सहित आवश्यक कारवाहीको लागी दाखिल गरी कानून बमोजिम कारबाही गरी पाँउ भन्ने वेहोराको प्र.स.नि.सन्जिव पाण्डे समेतले मिति २०७८/०६/२२ गतेको जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पेश गरेको प्रहरी प्रतिवेदन।

३. म व्यापारी मान्छे पसलमा पूँजी कम भई घरमा आएर केही रकम पसलको उधारो असुल गरी मेरो दाईले सर सापटी लिएर दिएको रकम रहेको, सो रकम जलेश्वरको लक्ष्मी बैंकमा राखेर जनकपुरको पसल तर्फ जान लागेको,मैले नेपाल मै ऋण कर्जा गरेर जुटाएको रकम हो ।यस्तो रकम भन्सार अधिकृत समक्ष घोषणा गर्नुपर्छ भन्ने मलाई थाहा नभएको भन्ने वेहोराको प्रतिवादी दिपेन्द्र प्रसाद साहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

४. म सानीमाँको घर आएको र ३-४ दिन बसेर बुवासंग जनकपुर दिदीको घर जादै गरेको अवस्थामा प्रहरीले बुवालाई पक्राउ गरी साथमा मलाई समेत ल्याएको र सानो बुवाको झोला पैसा भएको मलाई थाहा नभएको भन्ने व्यहोराको प्रतिवादी बिन्दा कुमारी साहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. यसमा अनुसन्धान टुंगो नलागेसम्म वा छानविन समाप्त नभएसम्म भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसार दाखिला भएको मालवस्तुको विगो वापतको रु.११,५४,४००।— र कैद वापतको धरौटी रकम रु.१८,०००।— गरी जम्मा रु.११,७२,४००।— आरोपित व्यक्ति दिपेन्द्र प्रसाद साह र बिन्दा कुमारी साहबाट नगद धरौटी माग गर्नू। विगो वापतको रकम बुझाएमा उक्त धरौटी कानून अनुसार दाखिला गर्न लगाई सोही ऐनको दफा ४१(१) अनुसार साधारण तारेखमा राख्नु या धरौटी नबुझाएमा ऐ.ऐनको दफा ४१(२) बमोजिम निजहरुलाई हिरासतमा पठाइदिनू, दाखिला हुन आएका नगद नेपाली रु.१०,०४,४००।— राजस्व धरौटी खातामा आम्दानीमा बाँध्नू, मोटरसाईकलको हकमा कानून बमोजिम गर्नू भन्ने वेहोराको मिति

२०७८।०६।२३ गते जलेश्वर भन्सार कार्यालय महोत्तरीका भन्सार अधिकृत डिल्लीराम सुवेदीबाट भएको आदेश।

६. जलेश्वर भन्सार कार्यालय महोत्तरीले च.नं.१९९ मिति २०७८।०७।०१ मा भन्सार अधिकृत श्री दिव्यरन्जन दाहाललाई अनुसन्धान अधिकृत तोकिएको पत्र।

७. प्रहरी प्रतिवेदनमा लेखिएको अभियुक्तको नाम एउटै नभई प्रहरी प्रतिवेदनमा दिपेन्द प्रसाद साह र बिन्दा कुमारी साह लेखिएको, ऋण दिनेमा विनोद कुमार भगत र अजय कुमार साह रहेको,ऋण लिनेमा विरेन्द्र प्रसाद साह देखिएकोले निजले पेश गरेको तमसुखका फोटोकपी प्रमाण ग्रहीय हुन सक्नेमा शंक्षा देखिन आयो।साथै, उक्त नगद रु.१०,०४,४००।— को स्रोत खुलेको पनि देखिन आएन।रु.५०००।— भन्दा बढी रकममा साथमा लिन कानून बमोजिम भन्सार घोषणा गरेर मात्र ओसार पसार गर्न पाइने व्यवस्था छ।निजहरुले भन्सार अधिकृतसंग अनुमति लिएको समेत देखिदैन,जिल्ला प्रहरी कार्यालय महोत्तरीले बरामद गरी पेश गरेका नेपाली रुपैया रु.१०,०४,४००।— र सो कामका लागि प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी सो को विगो रु.१,५०,०००।— गरी जम्मा विगो रकम रु.११,५४,४००।— अवैध स्रोत विनाको नेपाली रुपैया जफत गरी भन्सार ऐन, २०६४ को दफा ५७ को (१ग) को खण्ड (क) बमोजिमको कसूर गरेकोले विगो रकम रु.११,५४,४००।— र कैद वापतको हदैसम्मको रकम रु.१८,०००।— गरी जम्मा रु ११,७२,४००।— विगो बमोजिम जरिवाना र एक महिना कैद सजाय हुने गरी माग दावी सहित मुद्धा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने मनासिव देखी पेश गरेको भन्ने मिति २०७८।७।२३ गते अनुसन्धान अधिकृत दिब्य रन्जन दाहालले जिल्ला सरकारी वकील कार्यालय महोत्तरीमा पेश गरेको प्रतिवेदन ।

८. जिल्ला प्रहरी कार्यालय महोत्तरीले बरामद गरी जलेश्वर भन्सार कार्यालयमा पेश गरेका नेपाली रुपैया रु.१०,०४,४००।—र सो कामका लागि प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी सोको विगो रु.१,५०,०००।— गरी जम्मा विगो रकम रु.११,५४,४००।— अवैध स्रोत विनाको नेपाली रुपैया जफत गरी भन्सार ऐन,२०६४ को दफा ५७(१ग) को खण्ड(क) बमोजिमको कसूर गरेकाले विगो रकम रु.११,५४,४००।— र कैद वापतको हदैसम्मको रकम रु.१८०००।— गरी जम्मा रु.११,७२,४००।— विगो बमोजिम जरिवाना गरी एक महिना कैद सजाय हुने गरी मागदावी सहित जलेश्वर भन्सार कार्यालय मालिवाडा, महोत्तरीमा मुद्धा चलाउने गरी जिल्ला सरकारी वकील कार्यालय महोत्तरीका जिल्ला न्यायाधिवक्ता श्री यादव प्रसाद पौडेलबाट भएको राय सहितको मिति २०७८।०८।१३ को निर्णय ।

९. प्रहरी प्रतिवेदनमा लेखिएको अभियुक्तको नाम एउटै नभई प्रहरी प्रतिवेदनमा दिपेन्द प्रसाद साह र बिन्दा कुमारी साह लेखिएको, ऋण दिनेमा विनोद कुमार भगत र अजय कुमार साह रहेको,ऋण लिनेमा विरेन्द्र प्रसाद साह देखिएकोले निजले पेश गरेको तमसुखका फोटोकपी प्रमाण ग्रहीय हुन सक्नेमा शंक्षा देखिन आयो। साथै, उक्त नगद रु.१०,०४,४००।— को स्रोत खुलेको पनि

देखिन आएन, रु.५००० ।— भन्दा बढी रकममा साथमा लिन कानून बमोजिम भन्सार घोषणा गरेर मात्र ओसार पसार गर्न पाइने व्यवस्था छ। निजहरुले भन्सार अधिकृत संग अनुमति लिएको समेत देखिंदैन, जिल्ला प्रहरी महोत्तरीले बरामद गरी पेश गरेका नेपाली रुपैया रु.१०,०४,४००।—भन्सार ऐन, २०६४ को दफा ५७ उपदफा (१) अनुसारको कसूर गरेकोले सोही ऐनको दफा ५७ को उपदफा (१ग) बमोजिम रु.१०,०४,४००।— र सो कामका लागि प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी विगो बमोजिमको जरिवाना र भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) खण्ड (क) बमोजिमको कैद वापतको हदैसम्मको सजाय एक महिना कैद हुनुपर्ने माग दावी सहित मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।८।१३ गते अनुसन्धान अधिकृत दिब्य रन्जन दाहालले पेश गरेको प्रतिवेदन ।

१०. दुवै जना मैले चिनेको मान्छे, उनीहरु बीच भएको लेनदेनको कागज मेरो रोहवरमा लेखिएको मनरा सिसवा वडा नं.३ को वडा कार्यालयको रजिष्टरमा दर्ता गराएको हो। नगदै लेनदेन गरी वडा कार्यालय तमसुक प्रमाणित गर्न आएका हुन। मेरो रोहवरमा लेखेको तमसुक नै प्रमाण हो, झुठ्ठा व्यहोराको तमसुक लेखिएको होइन भन्ने व्यहोराको महेन्द्र प्रसाद यादवले भन्सार अधिकृत समक्ष मिति २०७९।२।१६ मा गरेको बयान।

११. मेरो गाउँले ज्वाइ उहाँले कपडाको कारोबार गर्ने गरेको पसलमा सामान थप गर्न पैसा चाहियो भनी मागेकाले रु.६,००,०००।—दिएको हुँ। विरेन्द्रलाई दिएको रुपैया आमाले घर बनाउन भनि जग्गा मिति २०७८।४।१५ गते एउटा र अर्को जग्गा १७ गते बेची घर बनाउनु दाजुभाई वीच सहमति नभएकोले घर बनाउन सकिएन। पैसा घरमै राखिएको नेपाली नगदै रुपैया विरेन्द्र प्रसाद साहलाई दिएको हुँ। उक्त रकम बैंकमा जम्मा नगरि घरमा नै राखेको थियो। त्यही रुपैया दिएको भन्ने वेहोराको बिनोद कुमार भगतले भन्सार अधिकृत समक्ष मिति २०७९।२।१६ मा गरेको बयान।

१२. वीरेन्द्र प्रसाद साह मेरो बहिनी ज्वाइ हुन। मैले नगद नेपाली रुपैया विरेन्द्र प्रसादलाई पसलमा सामान थप गर्न पैसा चाहियो भनी मागेकाले रु.४,००,०००।— दिएको र बांकी रु.१,००,०००।— आफैले पसलमा चलाएको, विरेन्द्र प्रसादलाई दिएको रुपैया मैले मेरो श्रीमति चन्दा कुमारी साहको नाममा रहेको ग्रामिण विकास लघुवित्तबाट ल्याएको, ज्वाइ जितेन्द्र प्रसाद साह विरेन्द्र प्रसादको सहोदर माइलो भाइलाई पैसा आवश्यक परी जेठो दाजु विरेन्द्र प्रसादको नाममा तमसुक गरी उक्त रुपैया दिएको हुँ भन्ने व्यहोराको अजय कुमार साहले भन्सार अधिकृत समक्ष मिति २०७९।२।१६ मा गरेको बयान।

१३. दिपेन्द्र प्रसाद साह मेरो कान्छो भाइ हुन। भाई दिपेन्द्र प्रसादलाई कपडाहरु किन्न भनेर नगद पैसा दिएको, उक्त पैसा भाईले जनकपुर लैजादै गर्दा प्रहरीले समाती जलेश्वर भन्सार बुझाएको कुरा थाहा पाएको, भाई दिपेन्द्रलाई दिएको पैसा साहु अजय कुमार साहसंग रु.४,००,०००।—

र साहु विनोद कुमार भगतबाट रु.६,००,०००।— तमसुख बनाई ऋण लिएको रकम हो भन्ने वेहोराको विरेन्द्र प्रसाद साहले भन्सार अधिकृत समक्ष मिति २०७९।२।१६ मा गरेको बयान।

१४. प्रतिवादीहरु विन्दा कुमारी साह र दिपेन्द्र प्रसाद साहले गरेको कार्य भन्सार ऐन, २०६४ को दफा ५७(१) उपदफा (१ग) खण्ड (क) बमोजिमको कसूर गरेकोले विगो रकम रु.११,५४,४००।— र कैद वापत हदैसम्मको रकम रु.१८,०००।— गरी जम्मा रु.११,७२,४००।— विगो बमोजिम जरिवाना गरी एक महिनासम्म कैद सजाय माग दावी सहित मुद्दा हेर्ने अधिकारी समक्ष दायर गरेको अभियोग पत्र।

१५. भन्सार कार्यालयमा प्राप्त हुन आएका स्रोत नखुलेका नेपाली नगद रुपैया भन्सार ऐन,२०६४ को दफा ५७(१) र सम्पत्ति शुद्धिकरण निवारण ऐन,२०६४ को परिच्छेद ६क.का दफाहरु आर्कषित भै सोही बमोजिम गर्नुपर्ने देखिन आयो।भन्सार ऐन, २०६४ को परिभाषा खण्ड (ल) मा मालवस्तु भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पदर्छ भन्ने भएकोले र सम्पत्ति शुद्धीकरण ऐनको दफा २९घ अनुसार मुद्रालाई पनि प्रचलित कानून अनुसार मालवस्तु मानिने कुरा उल्लेख भए अनुसार उक्त ऐनको परिच्छेद ६क. अन्तर्गतका क्रियाकलाप पनि भन्सार ऐन, २०६४ अनुसार नै लागु गर्नु पर्ने देखियो ।कुनै सम्पत्ति आफुले जे जस्तो व्यापार, व्यवसाय वा अन्य कुनै व्यक्तिबाट प्राप्त गरेको हुँ भन्ने पक्षले बस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नु पर्दछ । आफ्नो आर्थिक अवस्थाको श्रोत कहाँबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित आफैले गर्नु पर्ने कानुनी दायित्व रहेको हुन्छ । प्रतिवादीहरुबाट अस्वभाविक देखिने बरामदित उक्त रुपैया वैध श्रोतबाट प्राप्त भएको हो भनी आफुले आर्जन गरेको श्रोत देखाउनु पर्ने कानुनी दायित्व पनि प्रतिवादीमा रहने देखिन आयो तर फगत जिकिर बाहेक आफ्नो भनाईको पुष्टी गर्न सक्ने कुनै तथ्ययुक्त प्रमाणहरु प्रतिवादीबाट पेश हुन सकेको नदेखिंदा निजहरुबाट कसुर भएन भनि मान्न मिल्ने अवस्था देखिएन।तसर्थ यस मुद्दामा पेश भएका तमसुखहरु नगद बरामद भैसकेपछि योजना अनुसार बनाइएको लेनदेन नै नभई तमसुख बनाइएको त होइन भन्ने कुरा छर्लङग बुझिन्छ यस प्रकरण दिपेन्द्र साह दोषी देखिन्छ उनले आफ्नो नाममा ऋण लिएको देखाएका छैनन।उनकै नामबाट ऋण लिएको भएपनि केही कुराहरु सत्य देखिन्थ्यो तर त्यसो गरेको देखिदैन। उल्लेखित तथ्य र कानूनको विश्लेषणको आधारमा प्रतिवादीहरुलाई भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसारको कसूर गरेकोले सोही दफाको उपदफा (१ग) बमोजिम विगो रकम रु.१०,०४,४००।— र सो काममा प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी बिगो बमोजिमको रकम जरिवाना गरी सोही ऐनको दफा ५७ उपदफा (१ग) खण्ड (क) अनुसार जनही १(एक) महिना कैद सजाय हुने ठहर्छ भन्ने समेत व्यहोराको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत अमित पौडेलद्वारा मिति २०७९।०३।३० मा भएको फैसला।

१६. म कपडा व्यवसायी हुँ, पसलमा पुँजी कम भएको कारण घरमा आएर केही रकम लिएर आएको उक्त रकम दाजु विरेन्द्र प्रसाद साहले विनोद कुमार भगत र अजय कुमार साहबाट ऋण लिई मलाई व्यापार व्यवसायको लागि दिएको रकमको पूर्ण रुपमा वैधानिक स्रोत प्रमाणित तमसुक हुँदा हुँदै पनि कानुनी व्यवस्थाको वेवास्ता गरी यसरी सर सापटी लिए दिएको रकम घरबाट बैंक तर्फ जाँदा कुनै अपराध गरेको भन्न मिल्दैन। म बोर्डरमा आर पार गर्ने व्यक्ति पनि होइन र त्यस्तो गरेको पनि छैन। स्थायी लेखा नम्बर लिएर आफ्नो व्यवसाय गरी आएको, आफ्नै मोटरसाइकलमा व्यापार व्यवसायको रकम नगद लिएर जानुलाई लुकाएर लगेको भनि चोरी पैठारी गरेको कसूरदार ठहर गरि भन्सार कार्यालयबाट भएको निर्णय बदर गरी सफाई पाँउ भन्ने समेत वेहोराको विन्दा कुमार साह र दिपेन्द्र प्रसाद साह समेतले मिति २०७९।०५।०१ मा यस न्यायाधिकरणमा दायर गरेको संयुक्त पुनरावेदन पत्र।

१७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।०५ मा भएको आदेश ।

## ठहर खण्ड

१८. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एंव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीद्वयका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री पवन कुमार जयसवालले प्रतिवादी मध्ये दिपेन्द्र प्रसाद साहले आफ्नो व्यापार व्यवसाय गर्नको लागी सर सापटी लिएको रकम बैंकमा जम्मा गर्न जादै गरेको र अर्का प्रतिवादी बिन्दा कुमारी साह आफ्नो दिदीको घर जनकपुरमा मोटरसाइकलमा पछाडी बसी जाने क्रममा अवैध रुपमा स्रोत नखुलेको पैसा लुकाई छिपाई चोरी पैठारी गरी ल्याएको उक्त रकमको तमसुक समेत प्रमाणको रुपमा पेश गर्दा सो प्रमाणको समेत उचित मुल्यांकन नगरी शुरु भन्सार कार्यालयबाट हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको हुँदा शुरु कार्यालयको निर्णय बदर गरी निजहरुले सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१९. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीहरुले रकमको स्रोत नखुलाई तोकिएको बाटो बाहेक अन्यत्रबाट लुकीछुपी कारोबार गरेको देखिन्छ। व्यापार व्यवसाय गर्न घरबाट रकम ल्याई बैक तर्फ जम्मा गर्न गएको भनी बयान गरेतापनि उक्त रकम अवैध स्रोत विनाको नेपाली रुपैया स्रोत नै नदेखाई रकमको कारोवार गरिएको कार्य कानुन विपरित कसूर गरेको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

२०. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु जलेश्वर भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२१. निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरु दिपेन्द्र प्रसाद साह र बिन्दा कुमारी साह उपर भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा सोही उपदफा (१ग) को खण्ड (क) अनुसारको बिगो र सो कसूरमा प्रयोग भएको मोटरसाइकल जफत गरी बिगो बमोजिमको जरिवाना रु, ११,७२,४००।- (एघार लाख बहत्तर हजार चार समय रूपैयाँ) र एक महिनासम्म कैद सजाय गरी पाउँ भन्ने समेत अभियोग माग दावी सहित मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृत दिब्य रन्जन दाहालले मिति २०७८।०७।२३ पेश गरेको प्रतिवेदन मिसिल संलग्न देखियो। जिल्ला महोत्तरी कट्टि कटैया बोर्डरमा विशेष सुराकीको आधारमा भारतबाट नेपाल तर्फ आउंदै गरेको दुई जना सवार रहेको नम्बर प्लेट नलेखिएको निलो रंगको ग्ल्यामर मोटरसाइकल रोक्न ईशारा गर्दा नरोकी महोत्तरी जलेश्वर न.पा.वडा नं. ८ मा छेकी चेकजाँच गर्ने क्रममा मोटर साइकल चालक दिपेन्द्र प्रसाद साहले पिठूयमा बोकेको कालो रंगको F-Flycon लेखिएको झोला भित्र लुकाई छिपाई राखेको श्रोत खुल्न नसकेको नेपाली रु.१०००।— दरका नोट ५०० थान रहेको नगद रु.५,००,०००।— उक्त मोटरसाइकलको सिटमुनीको भागमा लुकाई छिपाई राखी ल्याएको अवस्थामा नेपाली रु.१०००।— दरका नोट २०० थान रहेको नगद रु.२,००,०००।— मोटरसाइकलको बांया भागमा एयर फिल्टर रहेको पल्ला भित्र लुकाई छिपाई राखेको अवस्थामा नेपाली रु.१०००।— दरका नोट ३०० थान रहेको नगद रु.३,००,०००।— र निजको पाइन्टको दांया खल्ती भित्रबाट Redmi Note 7 Pro मोडलको मोबाइल थान १, नेपाली रु.५००।— दरका नोट ७ थानमा रहेको नगद रु.३५००।— र नेपाली रु.१०० दरका नोट ९ थानमा रहेको नगद रु.९०० गरी जम्मा नेपाली रु.१०,०४,४००।—फेला परी बरामद गरी निज दिपेन्द्र प्रसाद साह र बिन्दा कुमारी साहलाई प्रहरीको टोलीले पक्राउ गरी ईलाका प्रहरी कार्यालय बजराइले खडा गरेको चार किल्ला सहितको बरामदी /खानतलासी मुचुल्का तयार गरी प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो।मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी विन्दा कुमारी साहले आफु सानीमाको घरबाट दिदीको घर जनकपुर जादै गरेको, उक्त रकमको बारेमा थाहा नभएको र अर्का प्रतिवादी दिपेन्द्र प्रसाद साहले आफु कपडा व्यापारी रहेको, व्यापार व्यवसाय गर्नको लगि पसलमा पूँजी कम भई घरमा भएको केही रकम असुल गरी र केही दाईले सर सापटी दिएको रकम जलेश्वरको लक्ष्मी बैंकमा राखेर जनकपुरको पसल तर्फ जान लागेको अवस्थामा प्रहरीले

बाटोमा पक्राउ गरी ल्याएको यस्तो रकम भन्सार अधिकृत समक्ष घोषणा गर्नुपर्ने थाहा नभएको भनी कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

२२. भन्सार ऐन, २०६४ को दफा ५७ ले एक करोड रुपैयाँ सम्मको विगो भएको भन्सार चोरी निकासी वा पैठारी मुद्दा हेर्ने अधिकार भन्सार अधिकृतको हुने कानूनी व्यवस्था गरेको र सोही ऐनको दफा ८६ मा यस ऐनको प्रयोजनको लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ भन्ने व्यवस्था गरेको देखियो ।

२३. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार रहेको न्यायिक वा अर्धन्यायिक निकायले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा फौजदारी न्यायका मान्य सिद्धान्तको अक्षरश परिपालना गर्नुपर्दछ । कुनै पनि व्यक्ति उपर अभियोग पत्र दर्ता हुन आएमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १२१ बमोजिम अभियुक्तलाई अभियोग सुनाउनुपर्ने र दफा १२२ बमोजिम त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरिएको देखिन्छ। बयानको क्रममा अभियुक्तले आफ्नो निर्दोषिता पुष्टि गर्ने कुनै प्रमाण पेश गरेमा त्यस्तो प्रमाण बुझी परीक्षण समेत गर्नुपर्ने हुन्छ ।

२४. प्रस्तुत मुद्दामा अभियोग पत्र साथ प्रतिवादीहरुद्वय दिपेन्द्र प्रसाद साह र बिन्दा कुमारी साहलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएकोमा निजहरुलाई अभियोगपत्र सुनाएको वा मुद्दा हेर्ने अधिकारी समक्ष बयान गराएको समेत मिसिल संलग्न कागजबाट देखिन आएन। बयान नै नलिए पछि प्रतिवादीहरुले आरोपित कसूर विरुद्ध निर्दोषिताको प्रमाण पेश गर्ने आधारभूत न्यायिक अधिकारबाट समेत बन्चित भएको देखियो। प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष बयान गरी थुनछेक आदेश समेत गरी कारबाहीको लागि अनुसन्धान प्रतिवेदन सहित अनुसन्धान अधिकारीबाट पेश भएको देखिन्छ।यस मुद्दाको प्रक्रिया अघि बढाउन जिल्ला सरकारी वकील कार्यालयको राय सहित प्रतिवेदन पेश गरेको तर प्रतिवादीहरुको मुद्दा हेर्ने अधिकरी समक्ष बयान लिई कानूनी प्रक्रिया बढाउनु पर्नेमा सो सम्बन्धमा कुनै कानूनी प्रक्रिया पुरा गरेको देखिदैन।जलेश्वर भन्सार कार्यालयमा अभियोगपत्र पेश भएपछि केही व्यक्तिहरु महेन्द्र प्रसाद यादव, विनोद कुमार भगत, अजय कुमार साह र विरेन्द्र प्रसाद साहसंग भन्सार अधिकृतले मिति २०७९।०२।१६ मा बयान लिएको मिसिलबाट देखिएपनि अभियोग पत्रमा वादी नेपाल सरकारले पेश गरेको गवाह, देखे सुन्ने साक्षीसंग बकपत्र गराएको समेत पाइदैन।मुद्दामा प्रमाण बुझ्ने लगायतको कुनै कारबाही नै नगरी यी पुनरावेदक प्रतिवादीहरुलाई आरोपित कसूरमा कसूरदार ठहऱ्याई कैद र जरिवाना समेतको सजाय गरेको देखिन आयो।

२५. यसरी भन्सार ऐन, २०६४ को दफा ८६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद १३ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने मुद्दा हेर्ने अधिकारीले प्रतिवादीहरुको बयान लिने, वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने,आधार र कारण सहित न्याय निरोपण गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया (due process of law) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा सो कुनै कुरा प्रस्तुत मुद्दामा गरेको नदेखिंदा स्वच्छ कानुनी प्रक्रिया पालना नगरी प्रतिवादीहरूलाई कसूरदार ठहर गरी भएको शुरु जलेश्वर भन्सार कार्यालयको मिति २०७९।३।२० को निर्णयलाई न्यायोचित र कानुन सम्मत मान्न नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो।

२६. यस स्थितिमा अभियोग मागदावी सम्बन्धमा प्रतिवादीहरूलाई जानकारी गराई, मुद्दा हेर्ने अधिकारीले प्रतिवादीहरुको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानूनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निष्पक्ष रुपमा कारबाही र सुनुवाई गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(१) बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयमा मिसिल पठाउनु पर्ने देखिन आयो।

२७. तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादीहरु बिन्दा कुमारी साह र दिपेन्द्र प्रसाद साहको मुद्दा हेर्ने अधिकारी प्रमुख भन्सार अधिकृत समक्ष बयान गराई निजहरुले निर्दोषिताको प्रमाण पेश गरेमा सो समेतको परीक्षण गरी निजहरुबाट आरोपित कसूर गरेको प्रमाणबाट पुष्टी हुन्छ वा हुदैन भन्ने सम्बन्धमा आधार र कारण सहित निर्णय गर्नुपर्नेमा सो केही नगरी प्रतिवादीहरुलाई आरोपित कसूरमा दोषी ठहर गरी सजाय गर्ने गरेको शुरु जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतको मिति २०७९।३।३० को निर्णयमा भन्सार ऐन, २०६४ को दफा ८६ तथा कानूनको उचित प्रक्रिया (Due process of law) सम्बन्धी गम्भिर त्रुटी विद्यमान देखिंदा उक्त निर्णय बदर गरिदिएको छ।अब यी दुवै जना प्रतिवादीहरुको मुद्दा हेर्ने अधिकृत समक्ष बयान गराई निजहरुले कुनै निर्दोषिताको प्रमाण पेश गरेमा सो समेत बुझी आधार र कारण सहित पुनः निर्णय गर्नु भनी प्रतिवादीहरुलाई शुरु भन्सार कार्यालयको तारिख तोकि मिसिल समेत पठाइदिने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयबाट मिति २०७९/०३/३० मा भएको निर्णय बदर भएकोले यो फैसला सहितको मिसिल प्राप्त भई प्रतिवादीहरु उपस्थित भएपछि तत्काल निज प्रतिवादीहरूको बयान लिई वादी प्रतिवादीहरुले पेश गरेका प्रमाण बुझ्ने लगायत अरू जो जे बुझ्नु पर्छ बुझी कानुन बमोजिम पुनः मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु भनी यो फैसला सहितको शुरु मिसिल समेत जलेश्वर भन्सार कार्यालय, जलेश्वरमा पठाई दिनू ।

२. माथी ठहर खण्डमा लेखिए बमोजिम शुरु फैसला बदर भएकोले फैसलाको तपसिल खण्डमा लेखिएको जरिवाना असुल गर्ने र मोटरसाइकल लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नु भनी शुरु जलेश्वर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।

३. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाडौलाई पठाइदिनू ।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

५. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू ।

६. प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः- सनिता लामा
फैसला भएको मितिः-२०७९।१२।२।५
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप